स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



अभिनेता गौरव पहारीले आफ्नो फिल्मी करिअरको एक दशकमा विभिन्न चरित्र निभाएका छन् । कुनैमा 'लभर ब्वाई' बने त कुनैमा राष्ट्रवादी चरित्र निर्वाह गरे । यही साउन २५ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'नम्बरी सुन'मा भने उनले कमेडीदेखि एक्सनसम्म गरेका छन् । यसैले काम गर्न पनि चुनौती भएको उनको अनुभव छ। एउटै पात्रमा दर्शकले फरक फ्लेवर पाउने उनको दाबी छ।

**आजको विचार...**



कमल रिजाल

सांस्कृतिक... (दुई पेजमा)



विवाह गरेपछि अभिनेत्रीको करिअर सुस्ताउँछ भन्ने परम्परागत भाष्य छ । केहीको हकमा यो देखिन्छ पनि । तर, वर्तमान पुस्ताका अभिनेत्रीहरुले यो भाष्यलाई गलत सावित गरेका छन्। यतिबेला नेपाली फिल्ममा 'डिमान्डेड' नै प्राय: विवाहित अभिनेत्रीहरु छन् । यसमा प्रियंका कार्की पनि पर्छिन् । विवाहपछि भनै उनले कम फिल्म गरिरहेकी छन् तर व्यस्ततामा कुनै पनि कमी आएको छैन । यो वर्ष अझ प्रियंकाको व्यस्तता चर्किएको देखिन्छ । केही समयअघि उनले फिल्म 'रावायण'को छायांकन पूरा गरिन् । अब यसको प्रचारलाई समय दिनुपर्नेछ ।

❒ वर्ष ३० ❒ अंक २४ ❒ २०८१ साउन २४ गते बिहीबार 8 August 2024, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### सुत्केरीलाई नि:शुल्क एम्बुलेन्स सेवा







**रामपुर (पाल्पा)**, साउन २३/गेझा स्वास्थ्यचौकीले सुत्केरीलाई नि:शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराएको छ । रामपुर नगरपालिका-१० स्थित स्वास्थ्यचौकीमा आउने गर्भवतीले सो सेवा पाउने छन् ।

घरबाट अस्पतालसम्म र अस्पतालबाट घरसम्म सुत्केरीलाई नि:शुल्क एम्बुलेन्स सेवा दिइने स्वास्थ्यकर्मी जगन्नाथ भण्डारीले बताए । चालु आर्थिक वर्षदेखि यस्तो व्यवस्था भएको हो । सुत्केरीलाई तीसवटा अण्डा पनि दिइने स्वास्थ्यचौकीले जनाएको छ । यातायातको अभाव तथा आर्थिक समस्याले गर्भवतीलाई स्वास्थ्य संस्थामा पुग्न कठिन नहोस् भन्ने उद्देश्यले स्वास्थ्यचौकीलाई एम्बुलेन्स उपलब्ध गराएको रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापाले राससलाई जानकारी दिए । *-रासस*

## असुरक्षित आकाश

# १५ दिनमै अर्को हवाई दुर्घटना, पाँच जनाको मृत्यु

**रामचन्द्र रायमाझी**

**पाल्पा,** साउन २३/२०८१ साउन ९ गते काठमाडौंमा भएको सौर्य एयरलायन्स दुर्घटनाको १५ दिन नबित्दै फेरि नेपाली अकासमा अर्को ठूलो हवाई दुर्घटना भएको छ । काठमाडौंबाट रसुवाको स्याफ्रुबेंसी उडेको एयर डाइनेस्टीको ९ एनएजेडी कलसाइनको हेलिकप्टर बुधबार दिउँसो शिवपुरी-७ सूर्यचौर डाँडामा दुर्घटनामा परेको हो ।



बुधबार १ बजेर १४ मिनेटमा त्रिभुवन विमानस्थलबाट ४ चिनियाँ यात्रु लिएर उडेको उक्त हेलिकप्टर दुर्घटना भएको थियो । दुर्घटनामा पाइलटसहित पाँच जनाको ज्यान गएको छ । जसमा चार चिनियाँ नागरिक पनि रहेका छन् । नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार मृत्यु हुनेमा पाइलट मल्ल र चिनियाँ नागरिकहरू जुताङ ताङ, ताइ ली, यीयाम वु र जेमिङ जी रहेका छन् । ज्यान गुमाएका चिनियाँ नागरिक तीन दिनअघि मात्रै नेपाल आएको पाइएको छ । साउन २१ गते सोमबार विहान ९ बजे उनीहरू स्थलमार्ग हुँदै नेपाल प्रवेश गरेका थिए । बहुप्रवेशसी भिसामा नेपाल आएका उनीहरूले तेस्रो दिनमै ज्यान गुमएका हुन् । एयर डाइनेस्टीको ४ जना विदेशीलाई स्याफ्रुबेंसी छाडेर विदेशी नै लिएर काठमाडौं फर्किने तालिका रहेको थियो । दुर्घटनाको कारणबारे पत्ता लागेको छैन । १५ दिन अघि मात्र विस्तृत परीक्षण र मर्मत (सी-चेक) गर्न काठमाडौंबाट पोखराका लागि उडेको केही क्षणमै असन्तुलित भएर सौर्य एयरलाइन्सको विमान दुर्घटनामा परेको थियो । दुर्घटनामा परी १८ जनाको निधन भएको थियो । पछिल्लो समयमा नेपाली आकाश असुरक्षित बन्दै गएको भन्दै अन्तर्राष्ट्रिय जगतमै आलोचना भइरहेको छ । हवाई दुर्घटनाको विषयलाई लिएर संसदमा समेत प्रश्न उठिरहेको छ । नियामक निकाय नागरिक उड्डयन प्राधिकरणले प्रभावकारी ढंगले काम नगर्दा हवाई दुर्घटना बढेको संसदमा प्रश्न उठेको छ । यसभन्दा अघि २०७९ माघ १ गते पोखरामा यतीको जहाज दुर्घटना हुँदा ७२ जनाको मृत्यु भएको थियो । पछिल्लो एक दशकको मात्रै रेकर्ड हेर्ने हो विभिन्न कम्पनीका जहाजले आन्तरिक उडानका क्रममा बेहोरेको दुर्घटना, हेलिकोप्टर दुर्घटना र बाह्य देशबाट नेपाल आउँदा बेहोरेका मानवीय क्षतिसहितको दुर्घटनाको सूची दुई दर्जन बराबर छन् । ह

वाई यात्रालाई विश्वभर सुरक्षित मानिने भए पनि नेपालको अवस्था भने ठीकविपरीत रहेको दुर्घटनाको तथ्यांकले बताउँछ । तर सरकारले दुर्घटना न्यूनिकरणतर्फ ध्यान दिएको पाइँदैन । बरु दुर्घटना भएपिच्छे आयोग गठन गर्ने र झारा टार्ने गरेको छ । यसले पनि ऊ सुधारको बाध्यकारी बाटोमा हिँड्न चाहिरहेको छैन भन्ने नै देखिन्छ । परिणामत: दुर्घटना भइरहने, दु:खमनाउ गरिरहने, आयोग गठन गरिरहने तर हवाई क्षेत्रका कमजोरी सुधारको ठोस पहलचाहिँ नहुने प्रवृत्ति पुनरावृत्त भइरहेको छ ।

## गुल्मी पहिरो : ज्यान गुमाएकाहरुको सामूहिक दाहसंस्कार



**गुल्मी,** साउन २३/पहिरोले पुरिएर मृत्यु भएकाहरुको सामूहिक दाहसंस्कार गरिएको छ । जिल्लाको मुसिकोट नगरपालिका-१ बिसौनामा मंगलबार बिहान पहिरोमा परि मृत्यु भएका चार जनाको बुधबार स्थानीय बढीगाढ खोलामा सामूहिक दाहसंस्कर गरिएको हो ।

अविरल वर्षाका कारण गएको पहिरोले दुई घर पुरिदा चार जनाको ज्यान गएको थियो । बिसौनाका विष्णु विकको घर पहिरोले पुरिँदा उनकी ६६ वर्षीया आमा मसुरी विक, दुई वर्षीया छोरी रियन्सी विक, ६७ वर्षीय हुकुम विक र ४६ वर्षीय गोरे विकको मृत्यु भएको थियो । उनीहरुको शव परीक्षण पछि आफन्तको जिम्मा लगाइएको थियो । आफन्तले उक्त शवलाई हिन्दू परम्परा अनुसार दाहसंस्कार गरेका छन् । उक्त घटनामा परि विष्णु विक र उनकी श्रीमती मुना विक गम्भीर घाइते भएका छन् । उनीहरुको अहिले मेडिकल कलेज प्रवास पाल्पामा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ ।

## वालिङमा बसाइँसरी आउनेको तुलनामा जाने तेब्बर

**वालिङ (स्याङ्जा)**, साउन २३/ पछिल्लो दुई आर्थिक वर्षको तथ्याङ्क अनुसार यहाँको वालिङमा बसाइँ सरी आउनेको तुलनामा जाने तेब्बर देखिएका छन् । व्यक्तिगत घटना दर्ता प्रतिवदेनअनुसार वालिङमा पछिल्ला दुई आवमा एकहजार चार सय १७ जना बसाइँ सरेर गएका छन् भने चार सय ८१ जना बसाइँ सरी आएका छन् ।



वालिङ नगरपालिका पञ्जिकरण शाखाका 'फोकल पर्सन' नारायण रेग्मीका अनुसार आव २०७९/०८० मा दुई सय २२ घरधुरीका आठ सय १२ जना बसाइँ सरी गएका थिए । सोही आवमा ७५ घरधुरीका दुई सय ८४ जना बसाइँ सरी आएका थिए । आव २०८०/०८१ मा एकसय ८१ घरधुरीका छ सय पाँच जना बसाइँ सरी गएका छन् । सोही आवमा ५५ घरधुरीका एकसय ९७ जना बसाइँ सरी आएका छन् । वालिङ नगरपालिकाका केही वडामा बजार विस्तार भइरहेको छ । केही वडा ग्रामीण र भौगोलिक दृष्टिले विकट छन् । ग्रामीण तथा विकट क्षेत्रबाट बजारमा बसाइँ सर्ने र बजारमा बस्दै आएकाहरु ठूला शहर तथा विदेश जाने प्रचलन बढ्दै गएको हो ।

'स्वास्थ्य, शिक्षा र अन्य सुविधाका लागि ग्रामीण वडाबाट शहरी वडामा बसाइँ सरेर आउने र शहरी वडाबाट अन्यत्र बसाइँ जाने गरेको देखिन्छ', रेग्मीले भने, 'समग्रमा नगरपालिकाभित्र आउनेभन्दा जाने बढी देखिएको छ ।' नगरका १४ वटा वडाबाट बसाइँसराई गर्ने केही नगरभित्रकै एउटा वडाबाट अर्को वडामा गएको र धेरैजसो वालिङभन्दा अन्यत्र गएको तथ्याङ्क छ । वालिङमा उच्च शिक्षा, स्वास्थ्य तथा रोजगारीजस्ता कारणले गर्दा यहाँबाट बसाइँसराई गरी अन्यत्र जाने गरेको नगर प्रमुख कृष्ण खाँणले बताए । 'बसाइँसराईका मुख्य कारण स्वास्थ्य, शिक्षा, रोजगारी मुख्य हुन् भने अन्य कारण पनि हुन सक्छन्', उनले भने, 'वालिङमा बसाइँ सरी आउनेभन्दा जाने धेरै हुनु पक्कै राम्रो कुरा होइन, यो गम्भीर विषय भएकाले यो छलफलको विषय बनाउनु जरुरी छ ।'

यहाँका नागरिकलाई वालिङमै रहने वातावरण बनाउन वालिङ नगरपालिकाकोतर्फबाट गर्न सकिने सबै प्रयास गर्न नगरपालिका प्रतिवद्ध रहेको उनले बताए । वालिङमा सुविधा सम्पन्न अस्पताल नहुनु, सिद्धार्थ राजमार्गलगायतका सहायक सडकको स्तरोन्नति नहुनु, उच्च शिक्षा अध्ययनकालागि विद्यालय नहुनु, पछिल्लो समय वालिङमा महङ्गी धेरै हुनु जस्ता कारण पनि यहाँबाट मानिस अन्यत्रै जाने गरेको हुनसक्ने अनुमान गरिएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## भू-संरक्षण दिवसको सार्थकता

राष्ट्रिय भू-संरक्षण दिवस आज हो । बाढी, पहिरो, भू-क्षयजस्ता प्राकृतिक प्रकोप कम गर्दै पारिस्थितिक सन्तुलन तथा भू-क्षय कम गरी जमिनको उर्वराशक्ति कायम राख्न, पूर्वाधार संरक्षण गर्ने उद्देश्यले २०३१ साउन २४ गतेदेखि हरेक वर्ष आजकै दिन यो दिवस मनाउने गरिएको हो । विभागको स्थापनासँगै जिल्लास्तरमा भू-संरक्षण कार्यालय स्थापना गरी सेवा प्रवाह सुरु गरिएको थियो । भू-तथा जलाधार संरक्षण विभाग स्थापना भएको साउन २४ गतेलाई 'भू-संरक्षण दिवस' का रूपमा मनाउने गरिएको हो । तर हरेक वर्ष कार्यक्रम गरेर दिवस मनाउने गरिए पनि त्यसले सार्थकता प्राप्त गर्न सकेको छैन । वातावरणीय संवेदनशीलता, प्राकृतिक विपत्ति तथा जलवायु परिवर्तनको प्रभावका दृष्टिकोणले नेपाल उच्च जोखिममा छ । संवेदनशील भू-धरातलीय र भौगोलिक अवस्थिति तथा कमजोर भौगर्भिक बनावटका कारणले गर्दा मानवजन्य तथा प्राकृतिक प्रकोपका प्रभावबाट भारी मात्रामा धनजनको क्षति र वातावरणीय समस्या व्यहोर्नुपरेको छ । पहिरो र भू-स्खलनबाट नेपालका पहाडी तथा हिमाली क्षेत्रहरुले बर्सेनि ठूलो धनजनको क्षति भोगिरहेका छन् । तर हरेक वर्ष दिवसका दिन गरिने औपचारिक कार्यक्रमले कुनै सार्थकता पाउन सकिरहेको छैन् । यो अत्यन्त दुखको कुरा हो ।

बाढीपहिरो, भूक्षयजस्ता प्राकृतिकरुपमा देखा पर्ने विपत्हरुका कारण देशका प्रायःजसो भू-भाग निकै संवेदनशील मानिएका छन् । भू-क्षयकै कारण हाल जमिनको उर्वराशक्तिमा समेत ठूलो ह्रास देखा पर्दै गएको छ । प्रकृतिको पारिस्थितिक सन्तुलनलाई जोगाउनका लागि समेत अहिले भू-संरक्षणको महत्व र भूमिका सर्वाधिकरुपमा बढ्दै गएको छ, तर सरकारी तवरबाट भने यसको कुनै पनि चासो देखाइएको छैन । जिल्ला-जिल्लामा भू-संरक्षणका लागि काम गर्ने निकायहरुको स्थापना भएको देखिए पनि त्यसबाट प्राप्त सेवाप्रवाह भने चित्तबुझ्दो छैन । भू-संरक्षणका लागि नै भनेर २०७५ सालदेखि नीतिगत निर्माण कार्यान्वयनमा नआएको होइन, तर भू-संरक्षणमा देखिएको लापरवाही देशमा वृद्धि हुने क्रमले गति लिँदा त्यस्तो नीति सही ढङ्गले लागू हुन नसकेको प्रस्टै छ । यसर्थ भू-संरक्षणमा भएको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सके मात्र यो दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ । अन्यथा दिवस औपचारिकतामै सिमित बन्ने निश्चित छ ।

### Opinion @ Social Network

मलाई दुनिया संग लड्नू छैन ।
केवल समय र परिस्थिति संग लडेर एक साधारण जिन्दगी जिउनू छ ।
*(मिलन सारुको फेसबुक स्टाटसबाट www.facebook.com//saru.milan)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सांस्कृतिक विचलनको दुरवस्था



कमल रिजाल

> *उमेर पुग्नेबित्तिकै सबै छुट्टिन्छन्, छुट्टिन चाहन्छन् । हुँदाहुँदै अब त पति पत्नीसमेत छुट्टिन थालेका छन्, छोडपत्र गर्नेहरू बढ्दै छन् । वृद्धाश्रमको संस्कृति मौलाउँदै छ । बाल हेरचाहर केन्द्र वा बाल अश्रमको संस्कृति विकास हुँदै छ । पहिले मानिसले गुफा तथा ओडार संस्कृतिको विकास गरेका थिए । बिस्तारै त्यसले धानेन र घरद्वार संस्कृतिको अवधारणा आयो । त्यस्तै पहिले नाङ्गो संस्कृतिको समय थियो । त्यसले पनि धानेन र विस्तारै कपडा संस्कृतिको युग आयो । कपास खेती हुन थाले, कपडा बुन्न र सिलाउन थालियो । त्यसैगरी पहिले आगो थिएन काच्चै खान्थे, आगो विकास भयो पोलेर खान थाले । भाँडाबर्तन आए पकाएर खान थालियो तर अहिले आएर समाज पुनः पुरानै संस्कृतितिर फर्कन थालेको छ । नाङ्गिन सक्दा वा पाउँदा गर्व गर्ने पनि छन्, काँचै खान र पोलेर खाँदा सभ्य ठान्ने पनि छन् । छन् मात्र होइन बढ्दै गएका छन् । थाहा छैन यस्तो किन भयो वा मानिस किन पुरानै संसारमा फर्कन खोज्दै छन् तर, के चाहिँ हो भने प्रतिदिन बढ्दै गएको सांस्कृतिक विचलनलाई रोक्न सकिएन भने मानिस पुनः गुफा र ओडारकै संस्कृतितिर फर्कने समय त्यति टाँढा छ जस्तो लाग्दैन । अस्तु अहिलेलाई यति नै ।*

पूर्वीय दर्शनले संस्कार र संस्कृतिमा खासै फरक छैन भन्ने मान्यता अघि सारेको छ । यी दुवैको उत्पत्ति एउटै धातुबाट हुन्छ र एउटै सूत्रले तिनको स्वरूप निर्धारण गर्छ । सम्उपसर्गपूर्वक कृधातुमा घञ् प्रत्यय भई 'सम्परिभ्यां भूषणने' पाणिनीय सूत्रबाट भूषण अर्थमा सुट् आगम हुँदा संस्कार शब्द बन्छ ।

त्यस्तै सम्उपसर्गपूर्वक कृधातुमा क्तिन प्रत्यय भई सोही सूत्रबाट सुट् आगम हुँदा संस्कृति शब्द बन्छ । त्यसैले यी दुवै मूलतः एउटै हुन् । मात्र फरक भनेको संस्कार शास्त्रद्वारा निर्देशित हुन्छ भने संस्कृतिले लौकिक आचारलाई पनि समेटेको हुन्छ । यसलाई अझ गहिरिएर हेर्दा के देखिन्छ भने संस्कृतिलाई संस्कारको पूर्वरूप वा अमूर्तरूप भन्न सकिन्छ भने संस्कारलाई संस्कृतिको मूर्तरूप वा क्रियारूपमा लिन सकिन्छ । त्यसैले संस्कृतिलाई संस्कारको अव्यक्तरूप र संस्कारलाई संस्कृतिको व्यक्तरूप मान्न सकिन्छ । यद्यपि पश्चिमी विद्वानहरूले यसबारे निकै गहिराइमा पुगेर रौँचिरा विश्लेषण गरेका छन्, निकै ठेली तयार भइसकेका छन्, जहाँ कसैले केही भनेका छन् कसैले केही । केहीले यसलाई मानवद्वारा सिकिएको व्यवहार हो, जहाँ मानिसको व्यक्तित्व प्रदर्शित हुन्छ भन्दै लामो परिभाषा दिएका छन् ।

उनीहरूका अनुसार संस्कृति भनेको त्यस्तो व्यवस्था हो, जहाँ मानिसको दैनिक व्यवहारमा कला, साहित्य, धर्म, दर्शन, आनन्द, मनोरञ्जन आदिमा पाइने खानपान, रहनसहन, विचार र व्यवहारको ढङ्गमा मानिसको प्रकृति वा स्वभाव अभिव्यक्त भएको हुन्छ । त्यस्तै कसैले मानिसको आवश्यकतापूर्ति गर्ने साधन भनेका छन् । कसैले मानव समूहको विचार एवं कार्य गर्ने तरिका तथा रीत भनेका छन् । अझ कसैले त कतिसम्म भनेका छन् भने संस्कृति भनेको त्यस्तो जटिल व्यवस्था हो, जहाँ मानिसको समस्त ज्ञान, धारणा, विश्वास, कला, नैतिक सिद्धान्त, प्रथा, विधिविधान, प्राकृतिक व्यवहारको प्रतिमानको योग तथा अन्य सबै किसिमको योजना सम्मिलित रहेको हुन्छ, जसलाई व्यक्तिले समाजको सदस्य भएको नाताले प्राप्त गर्दछ भन्ने आशय व्यक्त गरेका छन् । उनीहरूका अनुसार यसमा भौतिक, अभौतिक, पार्थिव, अपार्थिव, सांस्कृतिक सार्वभौम, (परमतत्व) सांस्कृतिक विशेषता, सांस्कृतिक विशिष्ठता, आचरण, हस्तान्तरणको विशेषता, परिवर्तनशीलता, आदर्शात्मक अर्थात् अमूर्त, सामाजिकताको गुण, भिन्नता, सङ्गठित, प्रतिमानजस्ता अनेक किसिमका विशेषता रहेका हुन्छन् । तथापि यथार्थ के हो भने उल्लिखित तमाम अवधारणा उक्त संस्कार र संस्कृतिको व्यक्त र अव्यक्तरूपभित्रै अनुभूत गर्न सकिन्छ ।

मानव समाजले सृष्टि प्रक्रियाको उषाकालदेखि हालसम्म अनेक संस्कृतिको विकास गरिसकेको छ । शायद तीमध्ये कतिपय इतिहासको गर्तमा विलीन भइसकेका हुन सक्छन् । कैयौं नयाँ संस्कृतिको विकास भइसकेका पनि हुन सक्छन् । तथापि मानव संस्कृति भने अहिलेसम्म पनि एउटै छ र जस्ताकोतस्तै छ । मानिसको आहार, निद्रा, भय र मैथुन एउटै हुन्छ र उस्तै छ, जुन शुरूमा थियो । सबै एकै तरिकाले खान्छन्, एउटै तरिकाले त्याग्छन् । स्नायु प्रणाली, पाचन प्रणाली, प्रजनन प्रणाली, रक्तसञ्चार प्रणाली, स्वासप्रश्वास प्रणाली आदि सबै प्रणाली एउटै छ अनि शुरूमा जस्तो थियो त्यस्तै छ । हुन त जैविक र मनोविज्ञान प्रणाली संस्कृति होइन । किनभने संस्कृति चलायमान वा परिवर्तनशील हुन्छ तर, जैविक र मनोवैज्ञानिक प्रणाली एउटै हुन्छ भन्ने अभिमत पनि उत्तिकै जबर छ । तथापि यथार्थ के हो भने ती सब रूपमा हुन्, सारमा होइनन् । सारमा त यही हो कि ती सब मानिसद्वारा सिकिएको गुण नभए पनि प्रकृतिद्वारा सिकिएको वा प्रकृतिपदत्त संस्कृति वा गुण भने पक्कै हो, जुन सृष्टिप्रक्रियादेखि अहिलेसम्म जस्ताकोतस्तै छ तर, मानवीय संस्कृतिमा भने निकै परिवर्तन भइसकेको छ, जसलाई यहाँसम्म ल्याउन मानव समाजले लामो यात्रा पार गरिसकेको छ । लामो कालखण्डको उकालीओराली पार गरेर नै मानवीय संस्कृति अहिलेको अवस्थामा आइपुगेको हो । अनि अहिलेको सर्वाधिक चासो, चिन्ता र समस्या भनेको पनि यही हो । मानव समाजले लामो यात्रा पार गरेर मानवीय संस्कृतिलाई अहिलेको अवस्थासम्म ल्याउने काम त गऱ्यो तर, हाल आएर विस्तारै विचलन देखिन थालेको छ । यद्यपि समाजले यसलाई बचाउने प्रयास नगरेको होइन । यसै निम्ति विभिन्न सैसंस्था खुलेका छन्, सङ्गठनहरू विकास भएका छन्, सरकाहरू छन्, सरकारी निकायहरू छन्, अड्डा छ, अदालत छ, प्रहरी प्रशासन छ, त्यतिले मात्र नपुगेर विश्वसंस्थाहरू नै खडा भइसकेका छन् । तैपनि मानवीय संस्कृति भने प्रतिदिन कमजोर हुँदै गइरहेको छ । उदाहरणका लागि संयुक्त परिवारको संस्कृति नै काफी छ ।

पहिले यही समाजमा संयुक्त परिवारको संस्कृति थियो तर, अहिले संसारभरिकै प्राय सन्तान बाबुआमाबाट र आमाबाबु सन्तानबाट अलग बस्न रुचाउने गर्छन् । यसमा होलान् केही बाध्यता पनि तर, स्वेच्छाले अलग हुनेको समूह ठूलो छ । उमेर पुग्नेबित्तिकै सबै छुट्टिन्छन्, छुट्टिन चाहन्छन् । हुँदाहुँदै अब त पति पत्नीसमेत छुट्टिन थालेका छन्, छोडपत्र गर्नेहरू बढ्दै छन् । वृद्धाश्रमको संस्कृति मौलाउँदै छ । बाल हेरचाहर केन्द्र वा बाल अश्रमको संस्कृति विकास हुँदै छ ।

पहिले मानिसले गुफा तथा ओडार संस्कृतिको विकास गरेका थिए । बिस्तारै त्यसले धानेन र घरद्वार संस्कृतिको अवधारणा आयो । त्यस्तै पहिले नाङ्गो संस्कृतिको समय थियो । त्यसले पनि धानेन र विस्तारै कपडा संस्कृतिको युग आयो । कपास खेती हुन थाले, कपडा बुन्न र सिलाउन थालियो । त्यसैगरी पहिले आगो थिएन काच्चै खान्थे, आगो विकास भयो पोलेर खान थाले । भाँडाबर्तन आए पकाएर खान थालियो तर अहिले आएर समाज पुनः पुरानै संस्कृतितिर फर्कन थालेको छ । नाङ्गिन सक्दा वा पाउँदा गर्व गर्ने पनि छन्, काँचै खान र पोलेर खाँदा सभ्य ठान्ने पनि छन् । छन् मात्र होइन बढ्दै गएका छन् । थाहा छैन यस्तो किन भयो वा मानिस किन पुरानै संसारमा फर्कन खोज्दै छन् तर, के चाहिँ हो भने प्रतिदिन बढ्दै गएको सांस्कृतिक विचलनलाई रोक्न सकिएन भने मानिस पुनः गुफा र ओडारकै संस्कृतितिर फर्कने समय त्यति टाँढा छ जस्तो लाग्दैन । अस्तु अहिलेलाई यति नै ।

*-लोकान्तर डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शुभकार्यको चर्चा चल्नेछ । श्रमको उचित मूल्यांकन हुनेछ । | **तुला** : मनमा शान्ति छाउनेछ । दाम्पत्य जीवन सुखमय हुनेछ । |
| **वृष** : शुभ कार्यमा सरिक भइनेछ । आँटेको र ताकेको कार्य पनि पुरा होला। | **वृश्चिक** : मनोरञ्जनमा सहभागिता भइनेछ । कार्यक्षेत्रमा सफलता मिल्ला । |
| **मिथुन** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । झैझमेलाको अवस्था आउला। | **धनु** : मन खिन्न हुने स्थिति आउनेछ । राजनीतिक कार्यमा बाधा आउनसक्छ । |
| **कर्कट** : फलदायी यात्रा नहोला । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । | **मकर** : यात्रा कष्टकर हुनसक्छ सचेत रहनु पर्छ । आफन्तसँग भेटघाट हुनेछ। |
| **सिंह** : सही समयमा निर्णय लिन सकिनेछ। दाम्पत्य सुखले प्रफुल्लित भइनेछ । | **कुम्भ** : दिन सामान्य नै रहनेछ । ठुलाको आशीर्वादले काम गर्नसक्छ । |
| **कन्या** : बौद्धिक काममा सफलता मिल्नेछ। बोलीको प्रभाव पनि बढ्नेछ । | **मीन** : मित्रताको बन्धन कसिने बेला छ । धार्मिक क्षेत्रमा रुचि बढ्नेछ । |




नीतिकथा — कमल रिजाल

# बाबु आमाको सेवा



भनिन्छ बाबु र आमा देवता समान हुन्छन् । उपनिषद् शास्त्रले यही भनेको छ । नीतिशास्त्रले यही भनेको छ । धर्मशास्त्रले यही भनेको छ । धर्मगुरुहरूले यसै भनेका छन् । यसको अर्थ हो बाबु र आमालाई देवी-देवतालाई जस्तै मान्नुपर्छ । उनीहरूका अभिमतमा भगवान्ले सबै काम आफैँले गर्न नसक्ने वा नभ्याउने भएकाले बाबु र आमालाई प्रतिनिधिका रूपमा पठाएका हुन् । भगवान्ले जे गर्छन् बाबु आमाले पनि त्यही गर्ने भएकाले यस्तो भनाइ आफैँमा अस्वाभिक हुँदा पनि होइन तर यो रूपमा मात्र हो, सारमा होइन । सारमा त यही हो कि सन्तानका खातिर बाबु र आमा देवताभन्दा पनि माथिका हुन् । भगवान्ले दिने पनि बाबु आमा भएपछि नै हो, भगवान् पाइने पनि बाबु आमा भएपछि नै । स्कन्दपुराणमा एउटा कथा आएको छ । प्राचीनकालमा एक जना पुण्डरिक नामक बालक थिए । उनी बाबु र आमाको परम भक्त थिए । मानिसहरू पितृभक्ति र मातृभक्तिको उदाहरण दिनुपर्‍यो भने उनकै नाम लिने गर्थे । गर्थे पनि के भन्ने र अहिलेसम्म गरिरहेका छन् । उनी सानै थिए बाबु आमा रोगी । घरमा अन्य कोही थिएनन् । रोगी र वृद्ध बाबु आमाको सेवा उनैले गर्नुपर्थ्यो । बिहान उठ्ने बित्तिकै पहिले बाबु र आमाको फोहोर सभा गर्थे, मलम पट्टी तथा औधषी उपचारको जोहो गर्थे । त्यसपछि घरमा जो भएको बनाई तुल्याई गरी खुवाउँथे र स्कुल जाने गर्थे । बेलुका घर आएपछि पनि पहिले बाबु आमाकै सेवा गर्थे र खानपीनको व्यवस्था गरी सुत्ने गर्थे । भोलि पल्ट बिहान उठ्नासाथ पुन: उही क्रम दोहोरिन्थ्यो । समय बित्दै गयो दैनिकी पनि चली नै रह्यो । उनको अखण्ड सेवा देखेर भगवान् पनि मौन रहन सकेनन् र उनलाई भेट्न आफैँ आए । अरूहरू भगवान्लाई खोज्न जान्छन् । मठमा जान्छन्, मन्दिरमा जान्छन्, मस्जिदमा जान्छन्, चर्चमा जान्छन् । खोज्दाखोज्दै नभेटेर हैरान हुने पनि कति छन् कति तर उनलाई भने भगवान् आफैँ भेट्न आए । बिहानको समय थियो उनी बाबु आमाको घाउ सफा गर्दै थिए । भगवान्ले आगनमा आएर भने- 'बाबु पुण्डरिक ' तिम्रो दु:ख देख्न नसकी केही दिन आएको छु । बाहिर आऊ र भन के चाहिन्छ । तिम्रो बाबुआमा प्रतिको भक्ति देखेर यति खुसी छु कि जे मागे पनि पाउने छौं ! भगवान्को कुरा सुनेर पुण्डरिकले खुसी हुँदै भने- 'एक छिन पख्नुस् है भगवान्' आफैँले आउने कष्ट गर्नुभएको रहेछ । आभारी छु तर बाबा आमाको घाउ सफा गर्न लागेकाले तुरुन्त आउन सक्ने अवस्था छैन ! उनको कुरा सुनेर भगवान् थप खुसी भए तर के लागेछ कुन्नि सायद परीक्षा गर्ने विचार पो आयो कि अलिकति डर र अलिकति लोभ देखाउँदै भने- 'बाबु पुण्डरिक' पर्खने फुर्सद छैन । अन्त पनि तिमी जस्तै भक्तलाई भेट्नु छ । सेवाको कुरा गर्‍यौ । त्यो त के भो र । पछि पनि गर्न सक्छौ । बाबु आमा आफ्नै हुन् । एक छिन ढिलो हुँदैमा रिसाउने होइनन् क्यारे । अवसर त फेरि न आउन सक्छ । मौका आउँछ पर्खँदैन भन्छन् । भरे पछुताउनुपर्ला । त्यसैले तुरुन्तै आऊ र चाहिएको चीज लिएर जाऊ ! 'त्यसो भन्नुहुन्छ भने त्यही सही । त्यस्तो अवसर गुमे गुमोस् ।! पुण्डरिकले दृढतापूर्वक भने- 'बाबु आमाको सेवालाई छाडेर त मरिकाटे आउन सक्दिन । मिल्छ भने कृपा गरी एक छिन पर्खिदिनु होला । होइन भने जान सक्नुहुन्छ ! भगवान्ले पुन फकाउने उद्देश्यले भने- 'बाबु' तिमीले कुरा बुझेनौ जस्तो लाग्यो । सानै भएकाले त्यस्तो कुरा गरेका हौला । संसारकै मालिक म आफैँ आएर बोलाइरहेको छु तर तिमी भने बाबु आमालाई बढी भाउ दिइरहेका छौ । तिम्रो नादानी देखेर दया लाग्यो । त्यसैले सम्झाउँदै छु । तुरुन्तै आऊ र वरदान माग । आफ्ना लागि पनि माग्न सक्छौ बाबा आमाका लागि पनि माग्न सक्छौ । भन्छौ भने तिम्रा बाबा आमालाई स्वस्थ र जवान बनाइदिन पनि सक्छु ! पुण्डरिकले पहिलेकै हठ दोर्‍याउँदै भने- 'कुरा मैले होइन भगवान्' तपाईँले नबुझ्नु भएको जस्तो लाग्यो । मिल्छ र सम्भव हुन्छ एक छिन पर्खनुस् मिल्दैन भने केही छैन । मेरो वृद्ध बाबा आमाको सेवा देखेर आफैँ भेट्न आउनु भएको छ, तपाईलाई भेट्ने अवसर यसैले दिएको छ भने त्यसैलाई बीचमै रोकेर कसरी आउन सक्छु ! उनको हठको अगाडि भगवान्को केही लागेन । आज संसारकै मालिकले एउटा बालकसित हार खानु पर्‍यो र आँगनमा उभिएर प्रतीक्षा गर्न लागे तर पुण्डरिकलाई सेवा सकेर आउन भने निकै बेर लाग्यो । उता भगवान्लाई उभिँदा उभिँदै कम्मर दुख्न थाल्यो । त्यसपछि उनी कम्मरमा हात राखेर उभिन वाध्य भए । भनिन्छ सो स्थानमा उनी अहिलेसम्म पनि सोही अवस्थामा खडा भइरहेका छन् । यस व्यास कथामा केकति सत्यता छ व्यासजी नै जानुन् तर बाबु आमाको निम्ति गरेको सेवाको फल भने कहिल्यै खेर जाँदैन । निसन्देह भगवान् हामीभन्दा ठूला हुन् तर त्यस्ता भगवान्लाई खुसी पार्ने मूल आधार भने बाबु र आमा नै हुन् ।

*-रातोपाटी डटकम*

## विडम्वना


सपनाको पछाडी भाग्दै गर्दा,सफलताको आशा
निरन्तर संघर्ष र प्रयास छ रहुन्जेल सास ।

धेरै कठिनाई, थोरै सफलता
उदास मन, रितियो गोजी झन्,

बद्लिदो परिवेश, जिवनका उपदेश
झुटो मुस्कानको साथमा, कयौं जिम्मेवारी काँधमा

हरायो खुसी हरायो मुस्कान भेटिदैन्
आफ्ना प्रति गरेको गुण कहिले मेटिदैन् ।।

सम्झने कुरा सम्झनामा छैन
विर्सिने कुरा यादमा गाडा रहन्छ,
सर्वश्रेष्ठ व्यक्ति त्यो हो जसले सबै कुरा सहन्छ ।


विमला पाण्डे

क्लासिक निबन्ध — शंकर लामिछाने

# समय

अमेरिकी साप्ताहिक टाइममा समयको प्राकृतिक अनुभूतिबारे पाठकका केही रमाइला पत्रहरू छापिएका छन् । तीमध्ये केही यहाँ उद्धृत गर्दैछु - 'जेराल्ड क्लार्कको सामयिकताबारेको छलफल पढ्दा निकै रमाइलो लाग्यो । तथापि, समयको अनुभूतिबारे एक आयाम क्लार्कले जानीजानी बेवास्ता गरेको लाग्यो, किनभने उनको कथनअनुसार समयको अनुभूति औद्योगिक मानवको उपज भएबाट अप्राकृतिक छ रे । समयको अनुभूति जनावर तथा वनस्पतिमा समेत प्राकृतिक देनका रूपमा स्वत: प्राप्त हुने एक गुण हो ।

कैयन् प्रकारका पंक्षीहरू स्तनपायी जन्तुहरू एवम् माछाहरूमा समेत विशिष्ट समय निष्ठताको बानी हुन्छ जसको ज्ञानद्वारा सिकारीहरू लाभ उठाउँछन् । यस्तै किसिमबाट मानवको शारीरिक आवश्यकताको चक्र आज अनुसन्धानको विषय बनेको छ । समयको अनिष्ठताप्रति केही व्यक्ति प्रयास गर्न खोज्लान् तथापि मानिस वा अन्य कुनै जन्तु पनि समयको अनुभूतिबाट उन्मुक्त होलान् भन्ने सम्भावना छैन ।'– क्यानाडा 'टाइम' ले जाति पालन गरेको छैन, अनन्तताको सीमा छैन, सर्वदाको अन्त्य छैन । क्या अचम्म, मानिस स्व-संहारका अस्त्र स्वयम् निर्माण गर्दछ । विश्वास गरे पनि नगरे पनि, घडी आत्मसंहारको अस्त्र हो । समयलाई अस्त्रहीन पार्न सकियो भने जीवन अन्त्यहीन बन्न जान्छ ।' –दक्षिण अमेरिका 'तथाकथित निस्तेज पूर्वको उल्लेखमा भारतलाई परित्याग गर्नु एक प्रकारले सायद महत्त्वपूर्ण नै भएको छ । कर्म-सिद्धान्तको अनुयायीका रूपमा, हामीमा सैद्धान्तिक रूपमा मात्रै समय-निष्ठाप्रति आकर्षण हुन सम्भव छ, किनभने हाम्रो सम्मुख अनन्त तेर्सिएर रहेको छ । तसर्थ जुन कुरा आज वा भोलि गर्न हामी असमर्थ छौँ, त्यो हामी अर्को जुनीमा गर्न सकौँला । यसै सन्दर्भमा हाम्रो धारणा के छ भने समाप्तिअघि आफू पुग्न पाए समयमै पुगियो । परिवर्तनको दृष्टिबाट अमेरिकी बन्धुहरूलाई मेरो सुझाउ छ, उनीहरू विगत वा 'हिजो' प्रति निष्ठावान् हुने स्वस्थ कला अपनाऊन् ।' -भारत मूल लेख मैले पढेको छैन । त्यसमा अभिव्यक्त भावनासँग म अनभिज्ञ भए पनि यी पत्रहरू सारै अनौठा लागे । समयको परिभाषा पनि आफ्नो संस्कृति वा धर्म वा सामाजिक दृष्टिकोणउपर निर्भर हुँदो रहेछ । हिन्दूसंस्कृतिका अनुयायी हामी 'हिन्दीमा मैले दसै अवतार लिएको छु ।' हामीमा हिजोप्रति एक अगम्य निष्ठा छ । हाम्रो आजसँग महत्त्व छैन । भोलिसँग प्रेम भने छ । एक साधारण उपमा लिऊँ । एउटा कर्पोरेसनबाट मेरा एक मित्रको केही भुक्तानी लिनु थियो । कार्य पूर्ण भएको पन् दिनजति भइसकेको थियो । आर्थिक वर्षको अन्त्य भनिएर साउनअघि भुक्तानी गरिएन, आर्थिक वर्षको प्रारम्भ भनी साउनको आधाआधी हुँदा पनि उनको भुक्तानी भएन । जबाफ एउटै थियो टेपरेकर्ड बजाएजस्तो, बजेट आएको छैन । उनले मसँग आफ्नो गुनासो पोखे । मैले आश्वासन दिँदै भनेँ, 'यस्तै हुन्छ भनेर सरकारले धेरै विभागलाई कर्पोरेसनमा परिणत गर्‍यो । कर्पोरेसनमा यस्तो हुनु नपर्ने ।' उनी भन्छन्, 'होइन, शंकरजी ! मैले तीनचार स्रोतबाट खबर पुर्‍याइसकेँ । मेरो केही लागेन ।' म भन्छु, 'उसो भए म भोलि बुझ्छु । अनि तपाईलाई खबर गरूँला ।' मलाई थाहा छ, कर्पोरेसनका म्यानिजिङ डाइरेक्टर मेरा परिचित एक यस्ता बन्धु हुन् जो मेरा लेखहरू रुचिसाथ पढ्छन् । मेरा मित्रको वारिसनामा लिएर म पुग्छु त्यहाँ । नेपाल यस्तो ठाउँ हो, जहाँ एउटा कुरा बुझ्नैपर्छ सबले । कि त 'माथि' बाट आए काम बन्छ, कि त 'तल' बाट रिझाउँदै आए काम बन्छ । 'बीच' को कुनै स्थान छैन । म माथि पुग्छु । म्यानेजिङ डाइरेक्टरलाई भेट्छु । वारिसनामा तथा निवेदन प्रस्तुत गर्छु । उहाँ उदार फदय भएर यसको भुक्तानी गरिदिनु भन्ने तोक लगाइदिनु हुन्छ । मलाई लाग्दछ, एकाउन्ट सेक्सनमा जानासाथ अब चेक म पाइहाल्छु, प्रफुल्लतासाथ म भऱ्याङ चढ्छु । अब आउँछ प्रोसेसिङको कुरा । नियम काट्न कोही पनि समर्थ छैन, मानौँ, पचास भाउचर तयार छन् । मेरो नम्बर एकाउन्नमा पर्छ । एकदुई वर्षदेखि भुक्तानी बाँकी रहेका व्यक्तिहरू निश्चय पनि करोडपति होलान् जसलाई पैसा फसेको वास्ता छैन । किन हुने ?

माथिबाट म अवतरित भएकाले होला, उनीहरूलाई आफ्नो क्षेत्रको अतिक्रमण भएको अनुभव भयो । अब म कार्य-प्रणालीको वर्णन गर्छु । मेरो तोक लागेको निवेदन दर्तामा जान्छ । त्यहाँ एक व्यक्तिले मिति र संख्यामा मात्र चढाउँछ । अर्को टेबिलतिर निवेदन सर्छ । त्यो निवेदन आँखाको अहिले चलेको बद्राली रोगजस्तै छ, मानौँ । निवेदन हेर्नासाथ मानौँ किटाणु आँखामा सर्छन् जस्तो । उसमाथि, मानौँ जोसँग कुरा भइरहेछ, त्यही कुरा गर्न तलब पाएजस्तो कुरा फेरि कस्ता ? त्यो पनि सुनिहाल्नुहोस् । 'सूचना, प्रसारण, संस्कृति तथा छापाखाना प्रेस जम्मै सञ्चारमा गयो रे । हो ?' 'हो ?' 'अनि, कटौती पनि गर्ने रे ।' 'त्यही छ ।' 'म काजमा आएको । उता पनि दरबन्दी छैन, अब यता पनि नरहने भयो । मेरो के हुन्छ ?' 'सबैको त्यही हालत छ । मेरो पनि त, तपाईलाई थाहै छ, ठेकान छैन ।' 'अब गर्ने के ?' मनमनै म भन्छु 'हे भगवान् । निवेदनउपर नजर परिदेओस् । चिताउँदैमा चरा खस्छ र ?' 'पन् वर्ष भयो, जागिर खाएको । अब पेन्सन पाउनेपाउने समय हुन लाग्यो । यस बेला खुस्कियो भने ठूलो फसाद पर्छ ।' 'त्यही त । म त झन् पत्रकारिताको पेसा अपनाउन पुगेँ । मेरो हालत झन् नराम्रो छ । बाहिर व्यापारी पत्रकारिता गरौँ भने त्यसको सम्भावना नै छैन नेपालमा ।' टेबिलनिरको मेरो उपस्थिति मानौं, अब गएर उनीहरूलाई आफ्नो वार्ता-निमित्त असल हुन्छ ।

मलाई पन्छाउने हेतुले मात्रै निवेदनउपरको कार्यवाही आरम्भ हुन्छ । यही क्रमद्वारा सात विभिन्न स्थानमा कार्य सम्पन्न गर्दा नगरी तीन घण्टा समाप्त हुन्छन् । जो मानसिक तनाउ मैले सहनुपर्छ । त्यसबाट यस्तो अनुभव हुन्छ, घर गएर सुतूँ । चेक पाउँछु तीन बजे । बैंकको अन्तिम घडी नाघेर । उनीहरूको मनमा हुन्छ यो जुनीको काम सिद्धयाए भयो, अर्को जुनीमा जे होस् । मलाई भने यसै जुनीमा बाँच्नु छ ।

*-साहित्यपोस्ट डटकम*

## वंय

खै पासा जी वंय
ठज्यू ए डू ज्यू हाल
जी शब्द त स्वेटा दृश्य नेन्टा
गन्ध त स्वाद क्यान
आकाशया सिक्के पातालया ख ल्याटा

छौ न्हेपु डू पासा ,ज्यु नुग
छ ङ्याउ इन्द्रिय न ज्यान यान , जी खुउ न
छ बाठा ड पासा , जी यक्क नू ये न
खै पासा जी वंय
ठज्यू ए डू ज्यू हाल
जी माघया खोंउ य चोनेवेला मेपिन बोवुल
न्हेनु मनौं स्वाइनी ख्याक लागै जौं ढाल

जी सोन्हु खोइविले
जी त बुद्ध छोइविले
तूफानमे हालेविले
जी प्याखुं ल्हुं वेला
जी त पागल ढाल
मूर्ख पिन्स जी त राँची छोएवील
सीट ला म्वाट ढ्यानी कुटियाविल
मसीट खनी ठों वंय
ठ ज्यू ख डू सा छला नेला
खै पासा जी वंय
ठज्यू ए डू ज्यू हाल

छौं टरिम गुभाजु ज्यू धुन्धकारी
छौं लुउँ , ज्यू ङ्या
छौं धर्म , ज्यू पाप
छौं बाल्लाज्यू , ज्यू बाल्लामखु
छौं ऐला , ज्यू हि
छौं संसार , ज्यू सं
ठज्यू ए डू ज्यू हाल
खै पासा जी वंय
ठज्यू ए डू ज्यू हाल

जब मनु न मनु मढ्यान
मि ज्वाला स्वेटा पासा
गज्यू गज्यू जुल
ज्यू सांस गज्यू फेंवल जुयन
ज्यू ख्वा बाल्ला मजु यन
जले जुयन ज्यू छें स्या पासा
म वुटौ नेई थेन्टु ठो टरौ संसार
पागल ज्वालामुखिया ठो खं ख

खै पासा जी वंय
सन्के ज्यू ख: सन्के ज्यू
यक्क नू येन - वंय- यक्क नू येन
खै पासा जी वंय
ठज्यू ए डू ज्यू हाल

**(महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'पागल' कविताको नेपाल भाषामा अनुवाद गर्ने प्रयास )**


पुष्कर अथक रेग्मी

# आज भू–संरक्षण दिवस मनाइँदैं



**पाल्पा,** साउन २३/आज राष्ट्रिय भू-संरक्षण दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ ।

नेपालमा हरेक वर्ष श्रावण महिनाको २४ गते यो दिवस मनाउने गरिन्छ । देशका विभिन्न स्थानमा अन्तर्क्रिया गर्नुका साथै वृक्षरोपण गरेर दिवस मनाइँदै छ । बाढी, पहिरो, भू-क्षयजस्ता प्राकृतिक प्रकोप कम गर्दै पारिस्थितिक सन्तुलन कायम राख्न सहयोग पुर्याउन एवं भू-क्षय कम गरी जमिनको उर्वराशक्ति कायम राख्न तथा पूर्वाधार संरक्षण गर्ने उद्देश्यले २०३१ साउन २४ गतेदेखि यो दिवस मनाउन थालिएको हो । विगत वर्षहरूमा फूलजन्य बिरुवा, धुपी, काइयोलागयत बोटबिरुवा रोपेर सो दिवस मनाइँदै आएको छ । वातावरणीय संवेदनशीलता, प्राकृतिक विपत्ति तथा जलवायु परिवर्तनको प्रभावका दृष्टिकोणले नेपाल उच्च जोखिममा छ । संवेदनशील भू-धरातलीय र भौगोलिक अवस्थिति तथा कमजोर भौगर्भिक बनावटका कारणले गर्दा मानवजन्य तथा प्राकृतिक प्रकोपका प्रभावबाट भारी मात्रामा धनजनको क्षति र वातावरणीय समस्या व्यहोर्नुपरेको छ । हाल आएर भू उपयोगको ढाँचामा तीव्र परिवर्तन आइरहेको छ । अव्यवस्थित प्लटिङ र भौतिक संरचनाहरूको अनर्गल निर्माणले खेतीयोग्य जमिनमा कमी आइरहेको छ । वातावरणीय संवेदनशीलता, प्राकृतिक विपत्ति तथा जलवायु परिवर्तनको प्रभावको दृष्टिकोणले नेपाल उच्च जोखिममा रहेको छ ।


## सूचना ! सूचना !! सूचना !!!

श्री आनन्द बचत तथा ऋण सहकारी संस्था लि.को केही शेयर सदस्यहरुज्यूबाट विगत केही वर्ष यता कारोबार नगरी निष्क्रिय (Inactive) रुपमा रहनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कारोबार सुचारु गर्न हुन अनुरोध गर्दछौं । अन्यथा यस संस्थाको विनियम २०७८ को परिच्छेद ३ को दफा १२ को उपदफा १(६) बमोजिम हुने व्यहोरा जानकारी गराउँदछौं ।

सर्जु लाल बज्राचार्य
अध्यक्ष
**श्री आनन्द बचत तथा ऋण सहकारी संस्था लि.**
तानसेन, पाल्पा
सम्पर्क : ०७५-५२१५५३

## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८१/०४/२३**

प्रस्तुत विषयमा यस विद्यालयको व्यवस्थापन समितिको २०८१/०४/२१ गतेको निर्णय तथा शिक्षा विकास तथा समन्वय ईकाइ च.नं.०१२७,मिति २०८१/०४/२३ गतेको अनुमति पत्रानुसार करार शिक्षक आवश्यक भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरीकबाट देहायको विज्ञापनको लागि दरखास्त आव्हान गरिन्छ ।

**तपसिल :**
**विज्ञापन नं. :** ०१/०८०/८१, **पदः** करार शिक्षक (एक जना.)
**तह/श्रेणी :** प्रा.वि तृतीय, **शैक्षिक योग्यता :** आई.एड वा सो सरह
**उमेर :** १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको
**दरखास्त मिति :** २०८१/०४/२३ गते देखि २०८१/०५/०५ गते कार्यालय समय भित्र
**सम्पर्क मिति :** २०८१/०५/०५ गते कार्यालय समय भित्र
**परीक्षा हुने मिति र स्थान :** सम्पर्क मितिमा तोकिने छ ।
**तलब स्केल :** नेपाल सरकारको नियम अनुसार
**परीक्षाको किसिम :** लिखित तथा अर्न्तवार्ता,
**निबेदन दस्तुर :** रु १०००/- (एक हजार मात्र)
**पेश गर्नुपर्ने आवश्यक कागजातहरु :** नेपाली नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्र र स्थाई अध्यापन अनुमति पत्र प्रत्यकको २/२ प्रति
**परिक्षाको दिन सक्कल प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।**
**सम्पर्क न.:** ९८११९९४४२१(**अध्यक्ष**), ९८६४४४४१२५(प्र.अ.)

**श्री कालिका प्राथमिक विद्यालय**
पूर्वखोला-६,हेकलाङ्ग पनेरदी, पाल्पा

## हार्दिक बधाई तथा शुभकामना



हाम्रा शुभेच्छुक, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पाल्पाका पूर्व अध्यक्ष, शैक्षिक, सामाजिक, राजनीतिक व्यक्तित्व, **खेमबहादुर सारू ज्यू लुम्बिनी प्रदेश सरकारको स्वास्थ्य मन्त्री** जस्तो गरिमामय पदमा नियुक्त हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उत्तरोत्तर प्रगति एवं सफल कार्यकालको **शुभकामना** व्यक्त गर्दछौं ।

बसन्ती थापा — प्रिन्सिपल
एवं
ताजेन्द्र कुमार थापा — अध्यक्ष

**सनराइज इङ्गलिस बोर्डिङ्ग सेकेण्डरी स्कुल परिवार**
तानसेन-८, डुम्रे, पाल्पा
सर्म्पक नं.: ९८४७०२८४१८(अध्यक्ष), ९८४७२३२७७८(प्रिन्सिपल)

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## शिक्षक आवश्यकता

***प्रकाशित मिति : २०८१/०४/२३***

प्रस्तुत विषयमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०४/२३ गतेको निर्णय अनुसार विद्यालयमा आधारभूत तहका लागि विज्ञान विषय निजी स्रोतमा शिक्षक नियुक्त गर्नुपर्ने भएकोले तपसिलको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**
**विज्ञापन नं. :** ०८/२०८०/०८१
**पद :** शिक्षक
**संख्या :** १ (एक)
**विषय :** विज्ञान
**शैक्षिक योग्यता :** विज्ञान विषयमा कक्षा १२ उत्तीर्ण गरेको
**निवेदन दस्तुर :** रु.५००/-
**उमेर :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**तलब स्केल :** विद्यालयले तोके बमोजिम
**दरखास्त दिने अन्तिम मिति :** २०८१/०४/२९ गते
**सम्पर्क मिति :** २०८१/०४/२९ गते ४ बजे पछि
**परीक्षा मिति :** सम्पर्क मितिमा तोकिने छ ।
**परीक्षाको किसिम :** कक्षा अवलोकन र अन्तर्वार्ता
**आवश्यक कागजातहरू :** व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
**सम्पर्क नं. :** ०७५-५२०४२८, ९८५७०६०६५१

**श्री देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालय**
तानसेन-२, पाल्पा

## हार्दिक बधाई तथा शुभकामना



हाम्रा शुभेच्छुक, मित्र, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पाल्पाका पूर्व अध्यक्ष, शैक्षिक, सामाजिक, राजनीतिक व्यक्तित्व, **खेमबहादुर सारू ज्यू लुम्बिनी प्रदेश सरकारको स्वास्थ्य मन्त्री** जस्तो गरिमामय पदमा नियुक्त हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उत्तरोत्तर प्रगति एवं सफल कार्यकालको **शुभकामना** व्यक्त गर्दछौं ।

प्रेमराज खराल — प्रिन्सिपल
अशेष भट्टराई — प्रबन्ध निर्देशक
यमबहादुर चिदी — अध्यक्ष
एवं

**माउण्ट भ्याली इङ्गलिस स्कुल परिवार**
माथागढी-३, कसेनी, सराई, पाल्पा

## हार्दिक बधाई तथा शुभकामना



हाम्रा शुभेच्छुक,मित्र, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पाल्पाका पूर्व अध्यक्ष, शैक्षिक, सामाजिक, राजनीतिक व्यक्तित्व **खेमबहादुर सारू ज्यू लुम्बिनी प्रदेश सरकारको स्वास्थ्य मन्त्री** जस्तो गरिमामय पदमा नियुक्त हुनु भएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उत्तरोत्तर प्रगति एवं सफल कार्यकालको **शुभकामना** व्यक्त गर्दछौं ।

डाँसुराम पन्थ — प्राचार्य
एवं
निर्मल लाकौल — अध्यक्ष

**न्यू होराइजन माध्यमिक विद्यालय परिवार**
तानसेन, पाल्पा

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई